कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
कञ्चन-२, रुपन्देही
Kanchan-2, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Ref No :- ०८२/८३
चलानी नं./Dispatch No.:-

# कवाडी मालवस्तुको निकासी ठेक्का सम्वन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति: २०८२/०४/१९*

कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८२ को दफा ६ को उपदफा (१) बमोजिम यस गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ को लागि कवाडी मालवस्तु निकासी कर उठाउने कार्यको ठेक्का प्रक्रियाबाट बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिलका शर्तको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्न इच्छुक व्यक्ति, फर्म वा संस्थाका लागि यो सूचना आव्हान गरिन्छ ।

| ठेक्का नं. | ठेक्काको किसिम | बोलकवोलको न्यूनतम अंक रु. (मुल्य अभिवृद्धिकर वाहेक) | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| ०१/२०८२/८३(आय) | कवाडी कर | २,५५,५००/-(दुई लाख पचपन्न हजार पाच सय मात्र) | १०००/ फिर्ता नहुने | |

१. ठेक्का अवधि सम्झौता भएको मिति देखि वि.सं. २०८३ साल असार मसान्त सम्म रहनेछ ।

२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि सहितको निवेदन पेश गरी यस कार्यालयवाट दरभाउपत्र खरिद गर्न सकिनेछ । कुनै व्यक्ति फर्म वा संस्थाले आफनो नामवाट एउटा मात्र दरभाउपत्र खरिद गर्न सक्नेछ तथा एउटाको नाममा खरिद भएको दरभाउपत्र अर्कैका नामबाट दर्ता गराउन पाईनेछैन।

३. माथि उल्लेखित ठेक्काको कबोल अंकको थप मुल्य अभिवृद्धि कर १३% (प्रतिशत) राजश्व ठेक्का लिने व्यक्ति फर्म र संस्थाले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गरेपश्चात मात्र सम्झौता गरिनेछ ।

४. ठेक्काको दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र खरिद गरी १६ औं दिनको १२.०० बजेसम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ र सोही दिनको २.०० बजे दरभाउ पत्र खोलिनेछ । प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्न, दर्ता गर्ने तथा खोल्ने मितिमा बिदा परेमा सो कार्य बिदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. न्यूनतम ठेक्का अंक भन्दा घटी कवोल गरेको, म्याद नाघेको, रित नपुगेको कुनै शर्त राखि पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

६. दरभाउपत्र पेश गर्दा आफुले कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुने धरौटी रकम यस कार्यालयको NIC ASIA BANK रुद्रपुर शाखामा रहेको ग-३ धरौटी खाता कञ्चन गाउँपालिका धरौटी खाता हि.नं. BOCA५०३२६२५२४००५ (ग-३) मा जम्मा गरी सोको सक्कल भौचर बुझाउनु पर्नेछ। धरौटी वापतको रकम नगद जम्मा गरेमा दरभाउपत्र स्वतः रद्ध हुनेछ ।

७. दरभाउपत्र दाताले खाम बाहिर पट्टी ठेक्का नम्वर र ठेक्काको विवरण र नाम स्पष्ट बुझिने गरी लेखु पर्नेछ, कवोल रकम अंक र अक्षरमा स्पष्ट गरी तोकिएको हुनु पर्ने छ साथै अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

८. दरभाउपत्र दर्ता गराई सकेपछि संशोधन गर्न पाइने छैन साथै प्रकाशित सूचना बमोजिम दर्ता भएका कुनै वा सवै दरभाउपत्र यस कार्यालयले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

९. दरभाउपत्रदाताले ठेक्का सम्झौता गर्दा प्रथम किस्ता कवोल अंकको ५०% (प्रतिशत) ले हुन आउने रकम बैंक दाखिला गरी सोको भौचर यस कार्यालयमा जम्मा गरी बाँकी रकम ५०% (प्रतिशत) रकम वरावरको ठेक्का अवधिसम्मको बैंक जमानत (कार्य सम्पादन जमानत) पेश गरी सकेपछि मात्र सम्झौता गरिने ।दोस्रो किस्ता बाँकी रकमको ५०% (प्रतिशत) २०८२ चैत्र मसान्तसम्म मसान्तसम्ममा जम्मा गरी सक्नुपर्नेछ । यदि अग्रिम रुपमा सम्पुर्ण रकम जम्मा गरी सम्झौता गर्न चाहेमा कबोल अंकको १०% छुट दिइनेछ ।

१०. कवाड निकासी करको दररेट दरभाउपत्र फारम साथ उपलव्ध गराइनेछ । कर संकलन गर्दा उक्त दरमा १३% (प्रतिशत) ले हुने मू. अ. कर थप गरी संकलन गर्नु पर्नेछ । यस्तो कर कवाड संकलन केन्द्रबाटै संकलन गर्नुपर्नेछ । लोकमार्ग र सहायक मार्गमा तगारो राखि कर असुल गर्न पाइने छैन।

११. ठेक्का कवोल गर्ने ठेकेदारले कञ्चन गाउँपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफनो तर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियामानुसार कारवाही हुनेछ ।

१२. ठेक्कामा कुनै विवाद आएमा कञ्चन गाउँपालिकाको निणर्य अन्तिम हुनेछ साथै अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

०८२/४/१९

माधव प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत